# ग्रामीण पर्यटन विकासको संभावनाबारे स्थानीयको अवधारणाः

(मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन)

मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत

पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा मानवशास्त्र विभागको

स्नातकोत्तर तह द्बितिय बर्षको आठौं पत्रको प्रयोजनको

लागि प्रस्तुत

## शोध-पत्र

प्रस्तुतकर्ता
श्री गुडाखर सापकोटा
रोल नं. १८३/२०६२
रजिष्ट्रेशन नं.: ७४३९-८७

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
समाजशास्त्र तथा मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस
पोखरा, नेपाल
२०७०

# <u>सिफारिस पत्र</u>

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस अन्तर्गत समाजशास्त्र एवं मानवशास्त्र विभागको स्नातकोत्तर तह द्वितिय वर्ष आठौ पत्रको प्रयोजनको लागि क्रमाङ्क १८३/२०६२ का शोधार्थी श्री गुडाखर सापकोटाले **"ग्रामीण पर्यटन विकासको संभावनाबारे स्थानीयको अवधारण : (मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन**)" शीर्षकको प्रस्तुत शोध-पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो। परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिश गर्दछु ।

शान्ति भुषाल

शोध निर्देशक

मिति २०७०/१२/२१

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र अर्न्तगत समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पसका शोधार्थी श्री गुडाखर सापकोटाले स्नातकोत्तर तह द्वितीय वर्षको आठौ पत्रको प्रयोजनको लागि यस विभागमा प्रस्तुत गर्नुभएको **"ग्रामीण पर्यटन विकासको संभावनाबारे स्थानीयको अवधारणा : (मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन)"** विषयक यस शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ।

शोधपत्र मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| शान्ति भुषाल<br>शोध निर्देशक | प्रा.डा. कृष्ण के.सी.<br>बाह्य परीक्षक | शान्ति भुषाल<br>विभागीय प्रमुख |

मिति २०७०/१२/३०

# कृतज्ञता ज्ञापन

अनुपम साँस्कृतिक तथा प्राकृतिक सम्पदाको धनी राष्ट्र नेपाल पर्यटन सम्पदाको दृष्ट्रिले विश्वमा अग्रणी मुलुकहरुमा पर्दछ । विभिन्न जातजाति, धर्म, भाषा, साहित्य, संस्कृतिको संगम रहेको नेपाल कला, संस्कृति एवं धार्मिक सद्भावको लागि एक उदाहरणीय राष्ट्र मानिन्छ । यहाँको मूर्त-अमूर्त, पुरातात्विक सम्पदा, नाचगान, जात्रा, भेषभुषा, भाषा, कला र संस्कृति, लोकतान्त्रिक भावना अनुकुल जर्गेना गर्दै, विश्वमा नेपाली संस्कृति र सभ्यताको प्रवर्द्धन गरी पर्यटनक्षेत्रको विकास तथा सांस्कृतिक क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्न सकिने प्रशस्त सम्भावना एकातिर रहेको छ  भने अर्कातिर पर्यटन उद्योगको विस्तारबाट राष्ट्रलाई विदेशीमुद्रा आर्जन, रोजगारी वृद्धि र समग्र आर्थिक समुन्नति हासिल गर्न समेत महत्वपूर्ण टेवा पुग्न सक्दछ । पर्यटन उद्योगको प्रवर्द्धनबाट अन्तर्राष्ट्रिय रुपमा विश्व भाइचारा सम्बन्धको विकास पनि हुन सक्दछ ।

पर्यटन उद्योगलाई ग्रामीण तहसम्म विकास र विस्तार गरी सघन एवं समन्वयात्मक समुदायिक पयर्टन विकासको माध्यमबाट सन्तुलित एवं समावेशी विकास हासिल हुन सक्ने र यसबाट गरीबी न्युनीकरणमा यथेष्ट योगदान पुऱ्याउन सकिने संभावना छ । देशको भौगोलिक बनोट एवं वैकल्पिक यातायात सुविधाको अपर्याप्तताका कारण पर्यटन क्षेत्रको विकास एवं विस्तारमा कठिनाई उत्पन्न भएको छ । यातायात सेवालाई सर्वसुलभ, सुरक्षित, भरपर्दो, विश्वसनीय एवं व्यवस्थित बनाई स्वदेशी एवं विदेशी पर्यटकहरुको संख्यामा उल्लेख्य वृद्धि गर्नु आवश्यक छ ।

पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकहरुमा स्वरोजगारको सिर्जना गरी पर्यापर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गरी ग्रामीण जनताहरुको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न अत्यन्त जरुरी छ । त्यसैगरी देशका मूर्त-अमूर्त, प्राकृतिक, साँस्कृतक, जैविक तथा मानवनिर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्वर्द्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्न अपरिहार्य भएको छ ।

सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने र पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक श्रोत र साधनको उपयोग गर्दा वातारण संरक्षण गर्दै त्यस्ताश्रोत साधनको दिगो रुपमा उपयोग गरिनु आवश्यक हुन्छ ।

तसर्थ सर्बप्रथम मलाई प्रस्तुत ग्रामीण पर्यटन विकासको संभावनाबारे स्थानीयको अवधारणा मट्टिखान श्रृखंलाको समाजशास्त्रीय अध्ययन नामक शीर्षकमा शोध अध्ययन गर्न सुअवसर उपलव्ध गराइएकोमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय, समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखराप्रति कृतज्ञता ज्ञापन गर्दछु । यो शोध कार्य गर्ने प्रेरणाकोश्रोत समाजशास्त्र तथा मानवशास्त्र विभागका विभागीय प्रमुख श्री शान्ति भुषाल प्रति हार्दिक कृतज्ञता टक्र्याउन चाहन्छु ।

त्यसैगरी शोधपत्र लेखनका क्रममा मलाई निरन्तर प्रेरणा र मार्गदर्शन गर्नुहुने विभिन्न विद्धान महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सुझाव दिएर हरतरहले प्रेरणा प्रदान गरी सहयोग गर्ने विभिन्न क्षेत्रका व्यक्तित्व र उत्तरदाताहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । शोधकार्यलाई वस्तुपरक र वैज्ञानिक बनाउनमा जोडदिने समाजशास्त्र तथा मानवशास्त्र विभागका आदरणीय गुरुहरु डा. श्री विश्व कल्याण पराजुली, श्री हरि ओझा, अमृत भण्डारी, मुकुन्द लम्साललाई हार्दिक आधार व्यक्त गर्दछु । त्यस्तै समाजशास्त्र तथा मानवशास्त्र विभागका अन्य प्राध्यापकहरुले म प्रति देखाउनुभएको सहयोगी भावनालाई उच्च सम्मान गर्दै उहाँहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । बाहृयपरीक्षकको रुपमामलाई सहयोग गर्नुहुने आदरणीय गुरु प्रा.डा.कृष्ण के. सी.प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय स्नातकोत्तर तह द्बितिय वर्ष आठौं पत्रको प्रयोजनको लागि समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पसमा **"ग्रामीण पर्यटन विकासको संभावनाबारे स्थानीयको अवधारणा : (मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन)"** शीर्षकको शोध प्रतिवेदन तयार गरिएको छ । यो अध्ययन ग्रामीण पर्यटन क्षेत्रको मूर्त-अमूर्त, प्राकृतिक, साँस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण सम्वर्द्धन एवं विकास गरी पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको खोज र विकास गरी ग्रामीण जनताहरुको जीवनस्तरमा सुधार गर्न र

पर्यटन उद्योगको संभावनालाई प्रवर्द्धन गर्दै यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न सहयोग पुऱ्याउने हेतुले पर्यटकीय दृष्टिकोणबाट गरिएको एउटा अध्ययन हो ।

यस अध्ययनको क्रममा तथ्याङ्क संकलनमा मलाई सहयोग गुर्नहुने सम्पूर्ण उत्तरदातालाई म हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । अध्ययनको सिलसिलामा यथेष्ट सहयोग पुऱ्याउनु हुने श्री चण्डीडाँडा उच्च मा.वि. फेदिखोला स्याङ्जाका प्राचार्य भाइ वालकृष्ण बराल प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु र मेरा सहृदयी तथा सहपाठी मित्रहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । समय समयमा सामग्री संकलनमा सहयोग गर्ने मित्र अनन्त कुमार श्रेष्ठ र दिलकुमार भुजेललाई पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । अध्ययनमा साथ दिने भाइहरु दोलराज सापकोटा, रेशम सापकोटा, ओम प्रकाश सापकोटालाई पनि हृदय देखि नै धन्यवाद व्यक्त गर्दछु ।

यस शोधकार्य तथा अनुसन्धानको सिलसिलामा मलाई लेखन कार्यप्रति हौसला प्रदान गर्नुकासाथै स्थलगत भ्रमणमा साथ दिएर फोटोग्राफी तथा अन्य कार्यमा प्रमुख सहयोगी भूमिका प्रदान गर्नुहुने मेरी श्रीमती श्री कमला शर्मा प्रति हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु साथै रोचक प्रश्नहरु उठाएर थपतथ्यहरु खोतल्न बाध्य तुल्याउने र लेखनको मर्मलाई बुझी शालीन व्यवहार प्रदर्शन गर्ने मेरा जिज्ञासु छोराहरु अभिषेक सापकोटा र अभियान सापकोटालाई पनि धन्यवाद दिन चाहन्छु ।तथ्याङ्कको विश्लेषणमा प्राविधिक सहयोग गर्नुहुने दिपेन्द्र पहारी टंकन कार्यमा सहयोग पुऱ्याउने विवेक गोर्खाली,आवश्यक अध्ययन सामग्री उपलव्ध गराउन सहयोग गर्नुहुने भाइ दिवस पौडेललाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा मेरो अध्ययनप्रति सधैं चासो लिइरहने मेरा आदरणीय बाबा श्री अनुरुद्र सापकोटा र आमा फतु सापकोटा प्रति आदरसम्मान  समर्पण गर्दछु र साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा यस अध्ययनमा सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तक महानुभावहरुप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

गुडाखर सापकोटा

शोधार्थी

मिति २०७०।१२।२० गते

# शोध सार

ग्रामीण पर्यटनको विकासको संभावनाको खोज र अनुसन्धान स्वरुप स्याङ्जा जिल्ला फेदिखोला गा.वि.स.र कास्की जिल्ला कृस्ति नाच्नेचौर गा.वि.स.को सिमानामा पर्ने मट्टिखानश्रृंखला र त्यसको वरिपरिका क्षेत्रहरुको समाजशास्त्रीय अध्ययन हो, जसको शीर्षक "**ग्रामीण पर्यटनको संभावनाबारे स्थानीयको अवधारणा : मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन**" रहेको छ ।

पर्यटकीय सुन्दरता एवं प्राचीन ऐतिहासिक महत्व बोकेको र नेपाल सरकारले पर्यटन क्षेत्र भनी घोषणा गरेको चौतर्फी दृश्याबलोकन गर्न सकिने पर्यटनको प्रचुर संभावना रहेको उच्च स्थलीय पर्यटकीय क्षेत्र हो मट्टिखान श्रृंखला ।

ग्रामीण पर्यटनको संभावना भएका नेपालका कतिपय ग्रामीण क्षेत्रको अध्ययन अनुसन्धान भइसकेको भए तापनि पर्यटकीय नगरी पोखराको नजिकै करीब ९ कि.मी दक्षिणमा रहेको पर्यटनको संभावित क्षेत्र भएर पनि यस मट्टिखान क्षेत्रको पर्यटकीय संभावनाको खोज,अध्ययन अनुसन्धान भईनसकेकोले यो शोध अध्ययन गर्न जरुरी ठानेर मैले यो विषय छनौट गरी अध्ययन गरेको हुँ ।

यहाँका प्राकृतिक,ऐतिहासिक, सामाजिक साँस्कृतिक, जैविक तथा मानवनिर्मित सम्पदाहरुको खोज,पहिचान संरक्षण तथा सम्वर्द्धन गर्दै ग्रमीण पर्यटनको संभावनाबारे स्थानीयको धारणा बुझ्ने र उनीहरुको सहभागिताको अवस्था पत्ता लगाउने उद्देश्यले यो अनुसन्धानमा जोड दिइएको छ ।

अध्ययनमा स्याङजा जिल्ला फेदिखोला गाविस वडा नं. ५,६,८ र कास्की जिल्ला कृस्ति नाच्नेचौर गाविस वडा नं. ४ र ९ का जम्मा ९२ घरधुरीलाई अध्ययनको समग्रता मानी प्रत्यक्ष अवलोकन, अन्तवार्ता अनुसूची, वैयक्तिक अध्ययन जस्ता अनुसन्धानका विधि मार्फत प्राथमिक रुपमा र पर्यटनसम्बन्धी विभिन्न लेख, रचना र नेपाल सरकारका नीति र योजनाका तथ्याङ्कहरुलाई द्धितीय स्रोतका रुपमा मानी तथ्याङ्क संकलन गरि अध्ययन विश्लेषण पश्चात यथार्थ जानकारी बाहिर ल्याउने प्रयास गरिएको छ । यस अध्ययनको प्राज्ञिक र पर्यटकीय दुवै हिसाबले महत्व रहेको छ ।

समग्र अध्ययनलाई आठ अध्यायमा विभाजन गरी शोधपत्र तयार गरिएको छ । यसमा पर्यटकीय स्थल मट्टिखानको परिचय, त्यहाँका पर्यटकीय संभावनायुक्त अन्य स्थलहरुको खोजी गर्ने प्रयास गरिएको छ । तसर्थ यो क्षेत्र थप नयाँ पर्यटकीय गन्तव्यस्थलको क्षेत्र हो भनेर भन्न सकिने प्रशस्त आधारहरु छन् ।

तसर्थ मट्टिखान आन्तरिक र बाह्य पर्यटकका लागि नयाँ पर्यटकीय स्थलहरुमध्ये एक आकर्षक,रमणीय र प्रमुख स्थल बन्न सक्छ। निचोडमा भन्नु पर्दा प्राकृतिक दृश्याबलोकनका लागि भ्यू टावर, ऐतिहासिक महत्वको चौविसे राज्यमध्येको एक शाहवंशीय दरवार नुवाकोट, वीर गोर्खालीहरुको सम्भना र सम्मानमा निर्माणाधिन गोरखा स्मारक लगायत अन्य सामाजिक साँस्कृतिक सम्पदाले भरिपूर्ण ग्रामीण पर्यटकीय क्षेत्र हो । ग्रामीण पर्यटन विकासले त्यस क्षेत्रका जनताको जीवनस्तरमा सुधार गरी ग्रामीण गरिबी न्युनीकरण गर्ने सरकारको राष्ट्रिय लक्ष्य पूरा गर्नमा समेत यस अध्ययनले थप टेवा पुऱ्याउँछ भन्ने मैले विश्वास लिएको छु।

यस मट्टिखान श्रृंखलामा केही पर्यटकीय पूर्वाधार निर्माण हुने क्रममा छन्भने केही पूर्वाधारहरु निर्माण गरिनुपर्ने अवस्था छ। पर्यटनको प्रवर्द्धन र विकासका लागि आवश्यक पूर्वाधारहरु सडक, विद्युत, संचार र खानेपानी व्यवस्थापन र व्यवस्थित बसाईको होटल तथा होमस्टे व्यवस्थापनको विषय यद्यपि त्यस क्षेत्रमा चुनौतीपूर्ण नै रहेको पाइयो । पर्यटकीय पूर्वाधार व्यवस्थापन पर्यटकको सेवा,सुविधा तथा सुरक्षाका लागि सरकारी निजी र सामूदायिक प्रयास र सरोकारवालाहरु उचित समन्वय हुनु जरुरी छ।

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| विषय सूची | VI |
| तालिका सूची | XI |
| चित्र सूची | XII |
| संक्षेपिकरण | XIII |
| शोध–सार | XIV |


## अध्याय एक

## परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | अध्ययनको आवश्यकता तथा महत्व | ६ |
| १.५ | शब्दावली परिभाषा | ८ |
| | १.५.१ पर्यटन | ८ |
| | १.५.२ पर्यटन व्यवसाय | ९ |
| १.६ | अध्ययनको सीमा | १० |
| १.७ | अध्ययनको संगठन | ११ |

## अध्याय दुई

## साहित्यको समिक्षा


२.१ पर्यटनको अवधारणागत पुनरावलोकन १३

२.१.१ पर्यटनको अवधारणा १३

२.१.२ ग्रामीण पर्यटनको अवधारणा १४

२.१.३ साँस्कृतिक पर्यटन १७

२.२ पर्यटनको ऐतिहासिक पृष्ठभूमि र विकासक्रम १९

२.३ वर्तमान अवस्थामा पर्यटन उद्योग २०

२.४ नेपालमा पर्यटन विकासको इतिहास २०

२.५ नेपालमा पर्यटन उद्योगको अवस्था २२

२.६ नेपालको राष्ट्रिय प्राथमिकतामा पर्यटन २४

२.७ पुर्व साहित्यको पुनरावलोकन २४


## अध्याय तीन

## अनुसन्धान विधि


३.१ अध्ययन क्षेत्र छनौट गर्नुको औचित्य ४३

३.२ अध्ययनको ढाँचा ४४

३.३ तथ्याङ्कको स्रोत र प्रकृति ४४

३.४ अध्ययनको समग्रता ४४

३.५ तथ्याङ्क संकलन विधि ४५

३.५.१ अवलोकन विधि ४५

३.५.२ अन्तर्वार्ता अनुसूची ४५

३.५.३ समूह केन्द्रित छलफल ४५

३.५.४ वैयक्तिक अध्ययन ४५

३.६ तथ्याङ्कको प्रामाणिकता र विश्वसनीयता ४५

३.७ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण ४६

## अध्याय चार

## भौगोलिक अवस्थिति र अध्ययन स्थलको परिचय


४.१ नेपालको भौगोलिक अवस्थिति ४७

४.२ स्याङ्जा जिल्लाको संक्षिप्त परिचय ४७

४.२.१ ऐतिहासिक रुपरेखा ४७

४.२.२ स्याङ्जा जिल्लाको वर्तमान परिचय ४८

४.३ कास्की जिल्लाको सामान्य परिचय ४९

४.४ अध्ययन स्थलको परिचय ५१

४.४.१ पर्यटकीय एवं ऐतिहासिक स्थल मट्टिखानको भौगोलिक अवस्थिति ५१

४.४.२ ऐतिहासिक स्थल मट्टिखान र नुवाकोट ५३

४.४.३ मट्टिखान भ्यू टावर ५४

४.४.४ मट्टिखान माउन्टेन भ्यू रिसोर्ट ५५

४.४.५ घर आवास (होमस्टे) ५५

४.४.६ साल्मेडाँडा (गोरखा स्मारक) ५६

४.४.७ गोरखा समाधि ५६

४.४.८ प्रस्तावित गोरखा म्युजियम ५७


## अध्याय पाँच

## अध्ययन क्षेत्रका प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक, धार्मिक एवं पर्यटकीय महत्वका स्थलहरुको पहिचान र उत्तरदाताहरुको सामाजिक, आर्थिक र जानसांख्यिक पृष्ठभूमि


५.१ स्याङ्जा जिल्लाका प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु ६०

५.१.१ कास्की जिल्लाका प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु ६१

५.१.२ प्रमुख पदयात्रा मार्गहरु ६२

५.१.३ अध्ययन क्षेत्रका प्रमुख पर्यटकीय स्थान र सम्पदाहरु ६३

५.२ उत्तरदाताहरुबाट प्राप्त विवरण ६४

५.२.१ परिवारको प्रकार ६४

५.२.२ उत्तरदाताको उमेर तथा लैगिक अवस्था ६५
५.२.३ उत्तरदाताको शैक्षिक अवस्था ६६
५.२.४ उत्तरदाताको पेशा ६६

**अध्याय छ**

**ग्रामीण पर्यटनको सम्भावनाबारे स्थानीयको धारणा**

६.१ ग्रामीण पर्यटन बारे जानकारी ७०
६.२ ग्रामीण पर्यटनप्रति उत्तरदाताहरुको बुझाई ७१
६.३ ग्रामीण पर्यटनकालागि भएका अघिल्ला पहलहरु ७१
६.४ ग्रामीण पर्यटनकालागि गरिएको पहल ७२
६.५ ग्रामीण पर्यटनको विकासको महत्व ७३
६.६ पर्यटन विकास मार्फत स्थानीयको जीवनस्तरमा सुधार ७४
६.७ पर्यटन विकास मार्फत सुधार गरिने पक्षहरु ७५
६.८ मट्टिखान गाउँमा परिवर्तनको आभास ७५
६.९ मट्टिखान गाउँमा भएको परिवर्तनको पक्षहरु ७६
६.१० ग्रामीण पर्यटनको विकासको लागि जिम्मेवार निकाय ७७

**अध्याय सात**

**ग्रामीण पर्यटन विकासमा स्थानीयको सहभागिता**

७ पृष्ठभूमि ८०
७.१ ग्रामीण पर्यटन र स्थानीय सहभागिता ८०
७.२ पर्यटकीय विकासमा स्थानीयको योगदान ८१
७.३ पूर्वाधार निर्माणमा प्राथमिकता ८१
७.४ पूर्वाधारमा प्राथमिकताका कारण ८२
७.५ पूर्वाधार निर्माणको जिम्मा ८३
७.६ मट्टिखानको रमणिय स्थल एवम् दृष्यवालोकन ८४
७.७ साँस्कृतिक महत्व ८४

**अध्याय आठ**

**अध्ययनको साराशं, निष्कर्ष तथा सुझावहरु**


८.१ अध्ययनको साराशं ८७

८.२ निष्कर्ष ९०

८.३ सुझावहरु ९२

सन्दर्भ सामग्री

अनुसूची १

अनुसूची २

अनुसूची ३

# तालिकासूची


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| ५.१ | उत्तरदाताहरुको शैक्षिक स्तर | ६६ |
| ५.२ | उत्तरदाताहरुको पेशागत विवरण | ६६ |
| ६.१ | ग्रामीण पर्यटनका लागि भएका अघिल्ला पहलहरु | ७२ |
| ६.२ | ग्रामीण पर्यटनको महत्वका आधारमा उत्तरदाताहरु | ७३ |
| ६.३ | परिवर्तनका पक्षहरु | ७६ |
| ७.१ | ग्रामीण पर्यटन र स्थानीय | ८० |
| ७.२ | पर्यटकीय विकासमा स्थानियको योगदान | ८१ |
| ७.३ | पूर्वाधार निर्माणमा प्राथमिकता | ८२ |
| ७.४ | पूर्वाधार प्राथमिकताका कारणहरु | ८२ |
| ७.५ | दृष्यवलोकनका मनोरम स्थलहरु | ८४ |

# चित्र सूची


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| ५.१ | उत्तरदाताहरुको परिवारको प्रकार | ६४ |
| ५.२ | उत्तरदाताहरुको उमेर तथा लैङ्गिक विवरण | ६५ |
| ६.१ | ग्रामीण पर्यटन बारे जानकारी | ७० |
| ६.२ | ग्रामीण पर्यटन प्रति उत्तरदाताहरुको बुझाई | ७१ |
| ६.३ | ग्रामीण पर्यटनको पहल | ७३ |
| ६.४ | पर्यटन विकास मार्फत स्थानीयको जीवनस्तरमा सुधार | ७४ |
| ६.५ | पर्यटन विकास मार्फत सुधारका पक्षहरु | ७५ |
| ६.६ | मट्टिखान गाउँमा भएको परिवर्तन | ७६ |
| ६.७ | ग्रामीण पर्यटनका लागि जिम्मेवारी | ७७ |
| ७.१ | पूर्वाधार निर्माणको जिम्मा | ८३ |
| ७.२ | साँस्कृतिक महत्व | ८५ |

# संक्षेपीकरण

| संक्षिप्त रुप | पूर्ण रुप |
|---|---|
| के.त.वि | केन्द्रीय तथ्याङ्क विभाग |
| कि.मी. | किलोमिटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| डब्लु.टि.ओ. | वर्ल्ड टुरिजम अर्गनाइजेसन |
| डि.से. | डिग्री सेल्सियस |
| ते.यो.आ | तेह्रौं योजनाको आधार पत्र |
| न.पा. | नगरपालिका |
| ने.प.बो. | नेपाल पर्य्टन बोर्ड |
| ने.अ.सं | नेपाल अधिराज्यको संविधान |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पो.उ.न.पा. | पोखरा उपमहानगरपालिका |
| वि.सं | विक्रम सम्बत |
| व.कि. मि | वर्ग किलो मिटर |
| मा.वि. | माध्यमिक विद्यालय |
| मि. | मिटर |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| त्रि.वि. वि. | त्रिभुवन विश्व विद्यालय |